नेपाल सरकार
# राष्ट्रिय सुरक्षा परिषदको
सचिवालय

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरबार, काठमाडौं, नेपाल ।

२०५८ राष्ट्रिय सुरक्षा परिषदको सचिवालय सिंहदरबार

## प्रेस विज्ञप्ति

मितिः- २०८२/०८/ ४ गते ।

## राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्पन्न भएको सम्बन्धमा

आज मिति २०८२/०८/०४ गते सिंहदरबार स्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री सुशीला कार्कीज्यूको अध्यक्षतामा माननीय अर्थमन्त्रीज्यू, माननीय गृहमन्त्रीज्यू, मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू र रक्षासचिवज्यूको उपस्थितिमा राष्ट्रिय सुरक्षा परिषद्को ४१ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा राष्ट्रिय सुरक्षामा आउन सक्ने विविध चुनौतीहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव तथा चुनौतीहरु र अपनाउनु पर्ने भावी रणनीतिहरुको सम्बन्धमा छलफल भयो।

राष्ट्रिय सुरक्षा परिषद्को आठौं वार्षिक प्रतिवेदन (आ.व.०८१।८२) को मस्यौदा माथि समेत छलफल भई उक्त मस्यौदालाई आवश्यक संशोधन सहित स्वीकृत गरी नेपालको संविधानको भाग २८ को धारा २६६ को उपधारा (३) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने निर्णय भयो।

साथै, मिति २०८२ साल फाल्गुण २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेनाको परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने समेत निर्णय भयो।

(सुमनराज अर्याल)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्